स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही बिहीबार (फूलपाती)बाट तीन नेपाली फिल्म 'ज्वाइँ साब', '१२ गाउँ' र 'छक्का पञ्जा ५' एकसाथ प्रदर्शनमा आउने तयारीमा छन् । यो त्रिपक्षीय भिडन्तलाई यस वर्षकै सबैभन्दा ठूलो मानिएको छ । तीनवटै फिल्मको 'स्टारकास्ट' र चर्चा हेर्दा यसपटक बक्स अफिसमा टक्करको प्रतिस्पर्धा हुने देखिन्छ । सोमबारबाट यी तीन फिल्मको मल्टीप्लेक्सहरुमा अग्रिम बुकिङ खुला भैसकेको छ । सोज संख्यामा 'छक्का पञ्जा ५' अन्य दुई फिल्मभन्दा धेरै अगाडि छ ।

**आजको विचार...**



किन...

*(दुई पेजमा)*

ललितकुमार यादव

गायक राजु लामा र गायिका त्रिसला गुरुङको युगल स्वर रहेको गीत 'तिम्रा पाइलाहरू' सार्वजनिक भएको छ । गीतमा लेखूँ सहयात्रीको शब्द तथा सङ्गीत छ । गीतको भिडियो पनि बनेको छ । जसमा ध्रुव जिसी र नीति शाहको अभिनय देख्न सकिन्छ । भिडियोको निर्देशन सोनाम पाख्रिनले गरेका हुन् । भिडियोमा ध्रुव र नीतिको केमेस्ट्री सुहाएको छ । उत्सव दाहालको छाँयाकन, कविराज गहतराजको कोरियोग्राफी रहेको भिडियो विकास दाहालले सम्पादन गरेका हुन् ।



❑ वर्ष ३० ❑ अंक ८५ ❑ २०८१ असोज २३ गते बुधबार 9 October 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हमलामा १७ जनाको मृत्यु

**(रासस/एएफपी)**

**गाजापट्टी,** असोज २२/इजरायली सेनाले गाजा क्षेत्रमा रहेको शरणार्थी शिविरमा आक्रमणमा गर्दा कम्तिमा १७ जनाको मृत्यु भएको गाजाको नागरिक सुरक्षा विभागले मंगलबार बताएको छ ।

'नागरिक सुरक्षा टोलीले मध्यगाजाको अल-बुरेज शरणार्थी शिविरमा इजरायली सैन्य विमानबाट क्षेप्यास्त्र प्रहार हुँदा मृत्यु भएका अब्दुल हादी परिवारको तीन तले घरबाट बालबालिकासहित १७ जनाको शव निकालेको छ भने अन्य घाइतेहरुको उद्धार गरेको छ', विभागका प्रवक्ता महमुद बासलले एक विज्ञप्तिमा बताए । बसालले मृतकको शव र अन्य घाइतेलाई नुसिरात शिविरको अल-अवदा अस्पताल र देइर अल-बलाह सहरको अल-अक्सा शहीद अस्पतालमा लगिएको बताएका छन् । गाजाको मध्य र उत्तरी भागमा मंगलबार बिहानदेखि थुप्रै हवाई आक्रमणहरू भएको बासलले बताएका थिए । प्रत्यक्षदर्शी एवं उद्धारकर्ताले जबलियामा इजरायली सैन्य कारबाही जारी रहेको बताएका छन् ।

## बढ्यो दसैंको चहलपहल

# बजारमा भिड छ, व्यापार छैन

**रामचन्द्र रायमाझी/संगीता आचार्य**

**पाल्पा,** असोज २२/पाल्पासहित देशैभरका विभिन्न शहरमा दसैंको चहलपहल बढेको छ । लत्ताकपडा, खाद्यान्नदेखि सवारी साधन किनबेच हुने हुँदा दसैं व्यापार-व्यवसाय गर्नेहरुका लागि सबैभन्दा ठूलो सिजन हो ।

पाल्पाका विभिन्न बजारका पसलसँगै बैंकहरूमा समेत ग्राहकको भीड लागेको छ । बजारका व्यवसायीलाई यतिबेला ग्राहकलाई सामान देखाउन फुर्सद छैन । तानसेनको बसपार्क, मखनटोल, सिल्खानटोल, विशालबजार, शीतलपाटी, नारायणस्थानमा किनमेल गर्नेको भीड छ । उता रामपुरका बजारमा समेत मानिसहरुको चहलपहल बढ्दो छ । बजारमा भिडभाड बढे



पनि सोचेजस्तो व्यापार नभएको व्यापारीहरू बताउँछन् । मञ्जु कार्कीको सिल्खानटोलमा फेन्सी पसल छ ।

उनी भन्छिन्, 'मानिसको चहलपहल छ तर व्यापार छैन् ।' मानिसहरु आएर सामान हेर्ने तर नकिनिदिने गरेको उनले बताइन् । सिल्खानटोलमै कपडा पसल राखेका थानेश्वर बस्यालको पनि व्यापार उस्तै रहेको छ । उनको पसलमा पुग्दा महिलाहरु कपडाहरु हेर्दै थिए । आधा घण्टा समय लगाएर उनीहरुले कपडा हेरे तर मूल्य बढी भयो भन्दै न लिई फर्किए । हुलाकचोकमा बस्याल कस्मेटिक तथा कलेक्सन पसल सञ्चालन गर्दै आएका कृष्ण बस्यालको पनि व्यापार उस्तै रहेको छ । उनले पहिलेको तुलनामा व्यापार ५० प्रतिशत घटेको बताए ।

कोभिडको बेलामा जुन खाले आर्थिक मर्का परेको थियो त्यस्तै, असर बजारमा अहिले पनि देखापरेको भाँडा व्यवसायी सुरेन्द्र शाक्यले बताए । 'मान्छेहरूको चहलपहल जस्तो त देखिन्छ, तर व्यापार सोचेजस्तो छैन' शाक्यले भने, 'मान्छेहरू आउँछन् र हेरेर जान्छन् । किन्ने त आधा पनि छैनन् ।' ग्राहकहरु पसलमा पुगे पनि सामान महँगो हुँदा भाउ सोध्ने र सामान नलि फर्कने गरेका छन् ।

तानसेनको तेस्रो सडकको एक किराना पसलमा सामान हेर्दै गरेकी रैनादेवी छहराकी मनिषा आलेले बजारमा जता गए पनि समान महँगो मात्र रहेको बताईन् । अघिल्ला वर्षमा भन्दा यसवर्ष सामानको मूल्य अत्याधिक बढेको उनको भनाई छ । 'प्रत्येक पसलमा सोध्दै हिड्यो सबै सामानको भाउ बढेको बढ्यैछ,' आलेले थपिन्, 'दसैंका लागि सामान किन्न आएको तर सामान लैजाउँ कि नलैजाउँ ? लैजाउ सामानको मूल्य छोइन नसक्नु छ, अड्कलेर ल्याएको पैसाले पुग्दैन, नलैजाउ भने दसैंका लागि नभई भएन ।' किराना, फेन्सी र कस्मेटिक मात्र होइन, सबै सामानको मूल्य आकासिएको छ । दसैं नजिकिँदै गर्दा बजार अनुगमन भए पनि पसलैपिच्छे फरक मूल्य हुँदा उपभोक्ता ठगिने गरेका छन् । अर्को तर्फ कोभिड महामारीपछि देशको अर्थतन्त्र नै संकटमा पर्नु, उपभोक्ताहरुको आम्दानी समेत घट्दै जानु र बजारमा उपभोग्य सामानको मूल्य आकासिनुले समेत सामान किन्न खोजे पनि आमउपभोक्ताले खरिद गर्न नसक्दा व्यापार फष्टाउन सकेको छैन् ।




हार्दिक मंगलमय शुभकामना



विजया दशमी तथा शुभ दीपावली, छठ पर्व २०८१ को अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा राष्ट्रिय विपत्तिको यस घडीमा सहजै अगाडि बढ्ने प्रेरणा प्राप्त होस्, पर्वले धार्मिक सहिष्णुता, आपसी सम्मान र एकताको सन्देश दिन सकोस्, सत्य, नैतिकता र समानताको बाटोमा हिँड्न प्रेरणा मिलोस् सबैमा सुख, शान्ति, समृद्धि एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



हिमालदत श्रेष्ठ
सभापति
एवं
नेपाली कांग्रेस जिल्ला कार्यसमिति
पाल्पा परिवार

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## हुलाक सेवा समय सापेक्ष बनाऊ

आज विश्व हुलाक दिवस । सञ्चार सेवाको सबैभन्दा पुरानो तथा भरपर्दो माध्यम हुलाक सेवाको महत्व बुझाउँदै यो दिवस मनाउन लागिएको छ । आपसी सद्भाव र सञ्चारको माध्यमको रुपमा रहेको हुलाक सेवालाई थप समन्वयात्मक बनाउने उद्देश्यसहित सन् १८७४ को अक्टोबर ९ मा विश्व हुलाक संघ स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष विश्व हुलाक दिवस मनाउने गरिएको हो ।

नेपाल सन् १९५६ मा आएर विश्व हुलाक संघको सदस्य बनेको थियो । त्यहि वर्षदेखि नेपालमा पनि विश्व हुलाक दिवस मनाउन लागिएको हो । नेपालमा वि.सं. १९३५ देखि हुलाक सेवा औपचारिक सुरुवात भएको हो । पछिल्ला वर्षमा सञ्चारका अरु सजिला, छरिता र भरपर्दा माध्यमको विकास तथा पहुँच बढ्दै गएपछि हुलाक सेवा संकटमा परेको छ । प्रविधिको विकाससँगै हुलाक सेवामा चिठी पठाउने र प्राप्त गर्नेहरुको भने अहिले कमी छ । धेरैजसो मुलुकहरुले आफ्नो हुलाक सेवालाई आधुनिकीरण गरी जनतालाई छिटो र छरितो हुलाक सेवा प्रदान गरिरहेका छन् । तर नेपालमा भने कमजोर सरकारी संयन्त्रका कारण हुलाक सेवाप्रति आमजनताको विश्वास घटेर गएको छ । प्रविधि र समयको माग अनुसार चल्न नसक्दा नेपालको हुलाक सेवाप्रति सर्वसाधारणको आकर्षण घट्दो छ । विश्वमा हुलाकले उच्चस्तरीय सेवा प्रदान गरे पनि नेपालमा आवश्यकतानुसार चल्न नसक्दा सेवा प्रभावकारी हुन नसकेको हो । प्रविधि र समयको माग अनुसार चल्न नसक्दा नेपालको हुलाक सेवाप्रति सर्वसाधारणको आकर्षण घट्दो छ । अहिले हुलाकको काम सरकारी कागजातहरु ओसारपसार गर्ने र केही कुरियर सेवा दिनुमा सीमित बनेको छ । चिठी पत्र आदान-प्रदान गर्न भने त्यति हुलाकको प्रयोग गरिएको छैन तर अन्य सरकारी कगाजातहरु भने अझै हुलाकमार्फत नै हुने गर्दछ । इमेल इन्टरनेट र मोबाइल सेवाको कारण हुलाकमार्फत चिठीपत्र पठाउने चलन घटेपनि सरसामान पठाउने क्रम भने कायमै छ । नेपाल सरकारले हुलाक सेवालाई समयानुसार परिस्कृत गर्न नसक्दा हुलाकबाट प्रदान गरिने सेवा थप चुनौतिपूर्ण बन्दै गएको छ । यसर्थ हुलाक सेवाको भूमिका महत्वपूर्ण रहेकाले यसलाई समय सापेक्षा रुपमा परिमार्जन गर्ने दिशामा सरकारले सोच्न जरुरी छ ।

## Opinion @ Social Network

अघाए पछि नुन चर्को लाग्नु र
मन भरे पछि बोलिमा झर्को लाग्नु कुनै नौलो कुरा होइन ।
*(दिपिका क्षेत्रीको फेसबुकस्टाटस https://www.facebook.com/Dipika.Xtri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन र कसरी मनाउने चाडपर्व ?



**ललितकुमार यादव**

*हिन्दु धर्मको बहुलता रहेको नेपालमा हरेक दिनजसो कुनै न कुनै पर्वहरू परिरहेका हुन्छन् । समग्र नेपालमा वर्षभरिका धेरै दिन प्राय कुनै न कुनै धर्म-संस्कृतिले रंगिएका पर्व, उत्सव अनि यसभित्रका खुशी र उमंगका दिन नै पर्दछन् । जुनसुकै समाजको सांस्कृतिक जीवनमा चाडपर्व एक प्रमुख अंगका रूपमा क्रियाशील रहेको देखिन्छ । संसारको जुनसुकै भागमा पनि कुनै न कुनै रूपमा चाडपर्व प्रचलनमा रहेको पाइन्छ । किन मनाइन्छ त चाडपर्व ? चाडपर्वलाई सामाजिक, धार्मिक, सांस्कृतिक र मानव स्वास्थ्य रक्षाका दृष्टिले हेर्न सकिन्छ । प्राय चाडपर्वहरूले एकातिर प्रकृतिसँग तादम्यता राख्दछन् भने अर्कोतिर परस्पर, सद्भाव, सम्मान र सहिष्णुतालाई आत्मसात गरेको देखिन्छ । चाडपर्व पारिवारिक एवं सामाजिक सम्बन्धलाई मजबुत पार्ने तथा नवीकरण गर्ने सेतु हो । हाम्रा प्रत्येक चाडपर्वहरू मनाउनुको पछाडि विशिष्ट अर्थ र अन्तर्निहित उद्देश्य छन् । हाम्रा चाडपर्वहरूले हामी, हाम्रो समाज र संस्कृति तथा परम्परालाई प्राचीनकालदेखि डोहोऱ्याउँदै ल्याएको छ । हाम्रो समाज, हाम्रो राष्ट्रिय एकता र अखण्डताका लागि चाडपर्व महत्वपूर्ण छन् । धार्मिक समन्वय र सामाजिक एकताको प्रेरक प्रतीकका रूपमा छन् । हाम्रो सामाजिक सौहार्द्रतामा बेलाबखत परेको खाडल पुर्दै आएका छन् भने समाजमा देखिने मतभेद अन्त्य गर्न मद्दत गर्दै आएका छन् ।*

नेपालको समृद्ध सांस्कृतिक विरासत कैयौं शताब्दीको अन्तरालमा विकसित भएको हो । नेपाली संस्कृति विश्वमै उत्कृष्ट मानिन्छ । यसका आफ्नै मौलिक गुण र विशेषता छन् । नेपालमा विभिन्न जातजाति, भाषाभाषी, भेषभूषा, धर्म, संस्कृति, प्रथा-परम्परा, रहनसहन, आचार-विचार, गीत-नृत्य, साहित्य र कलाकौशल छन् । नेपाल सांस्कृतिक विविधताले भरिएको देश हो ।

यहाँ अनेकतामा एकताको अलौकिक संगम रहेको देख्न पाइन्छ । अनेक धर्म, भाषा, जाति, सम्प्रदायका मानिस एउटै मालामा गाँसिएको देश हो नेपाल । यहाँका हरेक जाति, धर्म र सम्प्रदायको आ-आफ्नै सांस्कृतिक सम्पत्ति छ, जो विभिन्न चाडपर्वका रूपमा नेपाली समाजमा चलनचल्तीमा रहेको छ । हिमाल, पहाड, माधेस, पूर्व-पश्चिम सबै ठाउँमा आ-आफ्ना मूल्य-मान्यता र रीतिरिवाज अनुसार चाडपर्व मनाउने गरिन्छ । नेपालमा मनाउने चाडपर्वहरू अनगिन्ती छन् । ती सबै चाडपर्वहरू हाम्रो चिनारी र पहिचान हुन् । हाम्रो सामाजिक विविधतालाई यिनै चाडपर्वले एकतामा रूपान्तरण गरेको छ ।

हिन्दु धर्मको बहुलता रहेको नेपालमा हरेक दिनजसो कुनै न कुनै पर्वहरू परिरहेका हुन्छन् । समग्र नेपालमा वर्षभरिका धेरै दिन प्राय कुनै न कुनै धर्म-संस्कृतिले रंगिएका पर्व, उत्सव अनि यसभित्रका खुशी र उमंगका दिन नै पर्दछन् । जुनसुकै समाजको सांस्कृतिक जीवनमा चाडपर्व एक प्रमुख अंगका रूपमा क्रियाशील रहेको देखिन्छ । संसारको जुनसुकै भागमा पनि कुनै न कुनै रूपमा चाडपर्व प्रचलनमा रहेको पाइन्छ । किन मनाइन्छ त चाडपर्व ? चाडपर्वलाई सामाजिक, धार्मिक, सांस्कृतिक र मानव स्वास्थ्य रक्षाका दृष्टिले हेर्न सकिन्छ । प्राय चाडपर्वहरूले एकातिर प्रकृतिसँग तादम्यता राख्दछन् भने अर्कोतिर परस्पर, सद्भाव, सम्मान र सहिष्णुतालाई आत्मसात गरेको देखिन्छ । चाडपर्व पारिवारिक एवं सामाजिक सम्बन्धलाई मजबुत पार्ने तथा नवीकरण गर्ने सेतु हो । हाम्रा प्रत्येक चाडपर्वहरू मनाउनुको पछाडि विशिष्ट अर्थ र अन्तर्निहित उद्देश्य छन् । हाम्रा चाडपर्वहरूले हामी, हाम्रो समाज र संस्कृति तथा परम्परालाई प्राचीनकालदेखि डोहोऱ्याउँदै ल्याएको छ । हाम्रो समाज, हाम्रो राष्ट्रिय एकता र अखण्डताका लागि चाडपर्व महत्वपूर्ण छन् । धार्मिक समन्वय र सामाजिक एकताको प्रेरक प्रतीकका रूपमा छन् । हाम्रो सामाजिक सौहार्द्रतामा बेलाबखत परेको खाडल पुर्दै आएका छन् भने समाजमा देखिने मतभेद अन्त्य गर्न मद्दत गर्दै आएका छन् । समग्रमा भन्दा हाम्रो संस्कृतिलाई जीवन्त राख्ने माध्यम हाम्रा चाडपर्वहरू नै हुन् । हाम्रा चाडपर्वको महत्व युगौंयुगदेखि जस्ताको त्यस्तै रहेको छ । हाम्रा चाडपर्वहरूले धर्म एवं आध्यात्मिक भावनालाई दर्शाएर हामीलाई यो लोक र परलोक सुधार गर्ने प्रेरणा प्रदान गरेका छन् । हाम्रा घरपरिवारका सबै सानाठूला सदस्यलाई नजिक्याउने, मिलजुल बढाउने, सँगै बस्ने, एकअर्काको सुखदु:खमा सहभागी हुने अवसर प्रदान गर्दै आएका छन् । धेरै दिनसम्म नभेटिएका साथीसँगी इष्टमित्र भेट्ने, आफूले पाएका ज्ञान बाँड्ने, सामाजिक कार्यमा सहभागी हुने र समाजलाई सहयोग गर्ने कार्यले समाज जोड्ने सूत्रलाई कसिलो पारेको छ । प्रत्येक चाडपर्वका पछाडि वैज्ञानिकता लुकेको छ । हाम्रा चाडपर्वहरूमा मौसम अनुसार व्रत, अनुष्ठान, खाने-लाउने, कसको पूजा गर्ने कुरा परम्परित रूपमा रहेको छ । प्रत्येक चाडपर्वका पछाडि रहेका पौराणिक कथाहरूले हाम्रो जीवन सुखी र हितकर बनाउने सन्देश दिने गरेको छ ।

हामी अहिले विभिन्न चाडपर्वको समयमा छौं । चाडपर्व मनाउने यात्रामा छौं । यतिखेर हामी सबैलाई दशैंको माहोलले छपक्कै छोपिसकेको छ । दशैंलाई नेपालमा राष्ट्रिय पर्वको रूपमा मनाइने गरिन्छ । मान्यजनको आशीर्वाद, निधारभरि टीका र कानमा जमरा लगाउनु दशैं पर्वका विशेषता हुन् । असोज महिनाको शुक्लपक्षको प्रतिपदादेखि पूर्णिमासम्म १५ दिन पूजापाठ र मनोरञ्जन गरेर मनाइने दशैंमा दशमीलाई विशेष महत्व दिने गरिन्छ । चाडपर्वलाई मानव स्वास्थ्य र वातावरणका दृष्टिले पनि हेर्न सकिन्छ । चाडपर्वका बेला घर, कोठा र शरीरको पनि शुद्धि गर्ने चलन छ । दशैंतिहार अगाडि घर लिपपोत तथा सरसफाइमा विशेष ध्यान दिने चलन छ । फोहोर ठाउँमा लक्ष्मीको बास हुँदैन भन्ने मान्यता धार्मिक भावनासँगै स्वास्थ्यप्रतिको सचेतनासँग पनि जोडिएको छ ।

हाम्रा चाडपर्व र हाम्रो जीवनशैलीबीच प्रत्यक्ष सम्बन्ध जोडिएको छ । हिजोआज हामीले जसरी चाडपर्व मनाइरहेका छौं त्यसमा परिवर्तन गर्न जरुरी छ । वैज्ञानिक रूपमा बनाइएका चाडपर्वको सही सदुपयोग गर्न जरुरी छ । ऋषिहरूले चाडबाडमा उपासनाका विधि बनाएका छन् । अहिले हामीले ती विधिको पालना गरेका छौं कि बिर्सिंदै गएका छौं । एकपटक हामी सबैले गम्भीर भएर सोच्न जरुरी छ । चाडपर्वको समय फुर्सदको समय हो । यस समयलाई हामीले जीवन उपयोगी कुरा गरेर सदुपयोग गर्न सक्नुपर्छ । त्यसै आफ्नो स्वास्थ्य, मन, फदय र चेतनाको रक्षा गर्ने अवसरको रूपमा चाडपर्वलाई लिनुपर्छ । परिवारको सुख, समृद्धि, विद्या-बुद्धि र सम्पत्तिलगायत भौतिक प्राप्ति तथा आध्यात्मिक शान्तिको कामना गर्दै बुढाबुढी, के केटाकेटी, धनी-गरिब सबैले आ-आफ्नो आस्था र गच्छेनुसार चाडपर्व मनाउनुपर्छ । हिजोआज चाडपर्वमा विकृतिसँगै अनावश्यक खर्च गर्ने चलन बढेको छ । हुनेखाने र हुँदा खानेले मनाउने चाडपर्वमा फरक देखिन थालेको छ । आधुनिकताको नाममा चाडपर्वको मौलिकता नै उपेक्षामा पर्न थालेको छ । दिनप्रतिदिन मौलिक संस्कृति र परम्परा हराउँदै गएको छ । सामान्य ढंगबाट चाडपर्व मनाउँदा पनि हुनेमा देखासिकीका कारण ऋण लिएर भए पनि फजुल खर्च गर्ने चलन बढ्दै गएको छ ।

साथीभाइ, आफन्त, नातागोता भेटघाट गरी रमाइलो गरी मनाउनुपर्ने चाडपर्वहरू आजकाल परिवारका सदस्यसमेत भेटघाट नगरी आ-आफ्नै तरिकाले मनाउन थालिएको छ । हिजोआज चाडपर्वको खान्की पनि स्वास्थ्य निर्माण गर्नेभन्दा बिगार्ने प्रकारको हुन्छ । जुवा, तास र मदिरा सेवन गरी चाडपर्व मनाउने चलन बढ्दै गएको छ । त्यस्तै झगडा गर्ने, हिंसा गर्ने र आपराधिक घटना पनि चाडबाडको समयमा बढेका छन् । यस्ता क्रियाकलापले समाजमा विखण्डनसमेत ल्याउन थालेको छ । हामीले बचाए हाम्रो संस्कृति जीवन्त रहन्छ । भविष्यमा आउने पुस्तालाई वास्तविक संस्कृतिको अनुभव गराउन र पुस्तौंपुस्तासम्म हाम्रो संस्कृतिलाई हस्तान्तरण गर्न सकिन्छ । कुन चाडपर्व के-कस्तो किसिमले मनाइनुपर्ने हो, पर्वको वास्तविक महत्व कुन कुरामा गाँसिएको छ भन्ने कुरा आजको परिवेशमा सबैले थाहा पाउन त्यतिकै जरुरी छ । हाम्रा रीतिरिवाज र चाडपर्वलाई बचाउनु आजको आवश्यकता हो । चाडपर्वलाई सस्तो, सर्वसुलभ, लोकप्रिय बनाउन के गर्नु पर्ला ? के-के संस्कृति हुन् र के-के विकृति हुन् ? सही पहिचान गर्न जरुरी छ । हाम्रो चाडपर्वमा रहेका राम्रा गुण र विशेषता हाम्रा हुन् । तिनीहरूको रक्षा एवं सम्बर्द्धन गर्ने कर्तव्य हाम्रै हो । हाम्रो चाडपर्वमा रहेका दोष, विकार, विकृति, रुढिवाद र अन्धविश्वासलाई हटाउँदै हाम्रा चाडपर्वलाई उन्नत र सर्वग्राही बनाउने दायित्व पनि हाम्रै हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । | **तुला**: महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । प्रेममा धोका हुन सक्छ । |
| **वृष** : परिवारमा मेलमिलाप हुनेछ । समयले राम्रो साथ दिनेछ । | **वृश्चिक** : मनमा उत्साह छाउनेछ । धार्मिक यात्राको योग छ । |
| **मिथुन** : कार्य सम्पादनमा समस्या आउला। पैसा खर्च हुने योग छ । | **धनु** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । व्यवसायबाट लाभ हुनेछ । |
| **कर्कट** : अधुरा काम गर्दा फाइदा हुन सक्नेछ । यात्रामा सामान हराउन सक्छ। | **मकर** : सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ । |
| **सिंह** : मनमा हर्ष, उमङ्ग र उत्साह र हला । रमाइलो यात्राको योग रहेको छ । | **कुम्भ** : भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । यात्राको अवसर छ । |
| **कन्या** : प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ। परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ। | **मीन** : पारिवारिक भेटघाटमा रमाइन्छ। धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । |

## कला मनोरञ्जन

# पाइरेसीविरुद्ध निश्चलले दिए साइबर ब्युरोमा उजुरी




फिल्म 'बेहुली फ्रम मेघौली'को महत्त्वपूर्ण दृश्य खिचेर सामाजिक सञ्जाल हालिएको भन्दै निर्माता तथा अभिनेता निश्चल बस्नेतले नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएका छन् ।

पाइरेसीका कारण फिल्मलाई क्षति पुगेकोले त्यस्ता सामाजिक सञ्जालका एकाउन्ट ब्लक गर्न र दोषीलाई कारबाही गर्न माग गर्दै बस्नेतले उजुरी दिएका हुन् । बस्नेतले आफूले साइबर ब्युरोमा उजुरी दिएको सामाजिक सञ्जाल मार्फत जानकारी दिएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'फिल्म बौद्धिक सम्पत्ति भएको र जति पनि युट्युब र टिकटक एकाउन्टबाट दृश्य अपलोड भएका छन्, ती एकाउन्ट ब्लक गर्न र पाइरेसी गर्नेलाई कारबाही गर्न माग गरेको छु ।' केही दिनअगाडि चलचित्र विकास बोर्डले पनि एक विज्ञप्ति जारी गर्दै फिल्मको पाइरेसी नगर्न अनुरोध गरेको थियो । 'बेहुली फ्रम मेघौली' गत बिहीबारबाट प्रदर्शनमा आएको हो । निश्चल बस्नेत, स्वस्तिमा खड्का, वसुन्धरा भुसाल, विजय बराल, सिमरन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, सिरु विष्ट, आमिर गौतम, शिशिर सिवाकोटी, टीका पहारी, प्रभाकर शर्मा, लुनिभा तुलाधर, मुकुन्द मैनाली र रामबाबु रेग्मीको अभिनय रहेको फिल्म सजन काले र आकाश बरालले लेखन तथा निर्देशन गरेका हुन् । फिल्मको महत्त्वपूर्ण दृश्यहरू अहिले सामाजिक सञ्जालमा छ्यापछ्याप्ती छ ।

*-रातोपाटि डटकम*

# दयाहाङ र मिरुनाको फिल्म 'जारी' युट्युवमा रिलिज



उपेन्द्र सुब्बा निर्देशित फिल्म 'जारी' इन्टरनेट रिलिज भएको छ । गतवर्ष बैशाख १ गते हलमा रिलिज भएको यो फिल्म निर्माता कम्पनी बाँसुरी फिल्म्सको युट्युव च्यानलबाट सार्वजनिक भएको हो ।

व्यवसायिक र समीक्षात्मक रुपमा सफल फिल्मले घरेलु बक्सअफिसमा १६ करोड रुपैयाँ ग्रस कलेक्सन गरेको चलचित्र विकास बोर्डको विवरणमा उल्लेख छ । रामबाबु गुरुङले निर्माण गरेको फिल्ममा दयाहाङ राई, मिरुना मगर, प्रेम सुब्बा, विजय बराल, रोयदीप श्रेष्ठको मुख्य भूमिका छ । पूर्वी नेपालको लिम्बु समुदायमा प्रचलित जारी प्रथाको कथा भन्ने यो फिल्म खुबै रुचाइएको थियो । नेपालसहित विदेशमा समेत यो फिल्म निकै चर्चित रह्यो ।

*-अनलाइन खबर डटकम*

# 'केटी हराएको सूचना' पोस्टरमा सृष्टिप्रति नाजिरको प्रेमभाव



आगामी कात्तिक ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मिसिङ : केटी हराएको सूचना'को पहिलो पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका मुख्य अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठलाई चित्रित गरिएको पोस्टरमा उनीहरु एकअर्काको हात समातेर रेलको लिकमा हिँडिरहेको देखिन्छन् । सृष्टिप्रति नाजिरको प्रेमभाव पोस्टरले दर्शाउँछ । पृष्ठभूमिमा अर्का कलाकार दुरा सञ्जय गुप्ता मोटरसाइकलमा प्रस्तुत छन् । र, उनको पछाडि रेल देखिन्छ ।

दीपेन्द्र गौचनले फिल्मको निर्देशन गरेका हुन् । यसअघि उनले डकु-ड्रामा 'उजेली' निर्देशन गरेका थिए, जुन करिब ३२ वर्षअघि टेलिभिजनमा प्रशारण भएको थियो । त्यसबेलाको यो चर्चित ड्रामा हो । निर्देशक गौचन स्वयंको लेखन रहेको फिल्मको कार्यकारी निर्माता नकिम उद्दिन हुन् । नकिम नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सका सञ्चालक समेत हुन् । ट्राइ सिटी पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्ममा नाजिर, सृष्टि र सञ्जयसहित रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह लगायतको अभिनय छ भने अमितेष शाह विशेष भूमिकामा छन् । फिल्ममा अमर महर्जनको डिओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व निर्देशन तथा दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करण थापाको संगीत छ ।

*-फिल्मीखबर डटकम*

# 'छक्का पञ्जा ५' मा दीपाश्री निरौला गीतमा मात्रै!



फूलपातीमा रिलिज हुने फिल्म 'छक्का पञ्जा ५' ले ट्रेलर रिलिजसम्म यसका शीर्ष तीन बाहेकका अन्य कलाकारहरूलाई लुकायो।

दीपकराज गिरी, केदार प्रसाद घिमिरे (माग्ने बुढा) र वर्षा सिवाकोटी बाहेकका कलाकारबारे ट्रेलरमा मात्रै जानकारी दिइयो । त्यसअघि सार्वजनिक फिल्मको 'ब्रेकअप' गीतमा दीपाश्री निरौलासहितका कलाकारहरू समेत फिचर्ड छन् । यसकारण फिल्ममा दीपाश्रीको पनि अभिनय रहेको धेरैको अनुमान छ । तर, उनको अभिनय त्यही एउटा गीतमा मात्रै रहेको बुझिएको छ । सार्वजनिक ट्रेलरमा दीपालाई गीतको दृश्यमा देखाइएको छ । त्यस्तै, ट्रेलरमा कलाकारहरूको विवरणमा पनि उनको नाम नहुनुले दीपाश्रीको अभिनय गीतमा मात्रै रहेको अनुमान गरिएको हो । 'छक्का पञ्जा ५' लाई दीपाश्री निरौलाले निर्देशन गरेकी हुन्। उनले यसअघि पनि आफूले निर्देशन गरेका फिल्ममा शीर्ष भूमिकामा अभिनय गरेकी छैनन् । 'छक्का पञ्जा ४' मा उनी निर्देशक थिइनन्, सो फिल्ममा उनले शीर्षमध्येको भूमिकामा अभिनय गरेकी थिइन् । 'छक्का पञ्जा ५' मा दीपकराज, केदार र वर्षाका साथमा निर्मल शर्मा, राजाराम पौडेल, रमेश बुढाथोकी, प्रकाश घिमिरे, नरेन्द्र थापा, उत्तम केसी, ब्रजेश खनाल, हिउँवाला गौतम, नवीन श्रेष्ठ, दमन रूपाखेती, लोकेन्द्र लेखक लगायत कलाकारहरूको अभिनय छ ।

**सोसल-कमेडी जनराको यो श्रृंखला यस पटक फिल्म कर्मचारीतन्त्र र राजनीति वरपर घुमेको सार्वजनिक ट्रेलरबाट बुझ्न सकिन्छ । फिल्मको पटकथा दीपकराज गिरीले लेखेका हुन् । कथा र संवाद लेखनमा उनलाई केदार घिमिरे र दिलीप तामाङले सघाएका छन् । आमा सरस्वती मुभिज र आईएमईको प्रस्तुति रहेको फिल्मको कार्यकारी निर्मातामा निर्मल शर्मा र केदार घिमिरे छन् । फिल्मलाई क्युएफएक्स लगायतका मल्टिप्लेक्सले उच्च शो दिएका छन् ।**

सोसल-कमेडी जनराको यो श्रृंखला यस पटक फिल्म कर्मचारीतन्त्र र राजनीति वरपर घुमेको सार्वजनिक ट्रेलरबाट बुझ्न सकिन्छ । फिल्मको पटकथा दीपकराज गिरीले लेखेका हुन् । कथा र संवाद लेखनमा उनलाई केदार घिमिरे र दिलीप तामाङले सघाएका छन् । आमा सरस्वती मुभिज र आईएमईको प्रस्तुति रहेको फिल्मको कार्यकारी निर्मातामा निर्मल शर्मा र केदार घिमिरे छन् । फिल्मलाई क्युएफएक्स लगायतका मल्टिप्लेक्सले उच्च शो दिएका छन् ।

*-सेतोपाटी डटकम*


## रेसुङ्गा नगरपालिकाको अनुरोध

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउंदा सामाजिक सद्भाव कायम राखौं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।

बाबुराम पल्ली, प्रमुख प्रशासकीय अधिकृत
अमृतादेवी कुँवर, उप प्रमुख
खिलध्वज पन्थी, नगर प्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## इस्मा गाउँपालिकाको अनुरोध

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

पार्वती कुँवर, उपाध्यक्ष
भगतसिंह खड्का, अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा राजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# विरामीलाई आर्थिक सहयोग



**पाल्पा,** असोज २२/नारायण युवा क्लव तानसेन र अमर नारायण कभर्डहल व्यवस्थापन समितिले विरामीलाई आर्थिक सहयोग गरेका छन् । क्लवका सदस्य रमेश रजाककी आमा कमला रजाकको श्वासप्रश्वासमा समस्या भई आर्थिक अभावका कारण उपचारमा समस्या भएपछि क्लव र कभर्डहल समितिले रकम संकलन गरी आर्थिक सहयोग गरेका हुन् ।

क्लव र कभर्डहलमा आवद्ध सदस्यहरुबाट १८ हजार रकम संकलन गरी रजाक परिवारलाई हस्तान्तरण गरिएको छ । क्लवले १३ हजार र कभर्डहलले ५ हजार रकम संकलन गरी मंगलबार रजाकको घरमै पुगेर हस्तान्तरण गरेका हुन् । क्लवका संस्थापक अध्यक्ष तथा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, क्लवका अध्यक्ष प्रविनराज शाक्य, कभर्डहल समितिका अध्यक्ष किशोर दर्शन बज्राचार्य, तानसेन -२ का वडा अध्यक्ष महेश्वर श्रेष्ठ लगायतले रजाक परिवारलाई उक्त रकम हस्तान्तरण गरेको क्लवका सचिव विनायक महर्जनले जानकारी दिए ।

रकम हस्तान्तरण गर्दै काँग्रेस जिल्ला सभापति एवं क्लवका संस्थापक अध्यक्ष हिमालदत्त श्रेष्ठले क्लव र कभर्डहल समितिले आर्थिक अभावमा उपचारमा समस्या भोगिरहेकी कमलाको उपचारका लागि थोरै भए पनि रकम संकलन गरेर सहयोग र सद्भाव देखाएकोमा खुसी व्यक्त गर्दै यस्तो कार्यको अन्य व्यक्ति, संघ संस्थाहरुले पनि अनुसरण गर्नुपर्ने बताए । उनले विरामीको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारका लागि आफुले आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा पहल गरिदिने समेत उल्लेख गरे ।

क्लवका अध्यक्ष प्रविनराज शाक्यले नेपालीहरुको महान पर्व दसैं, तिहार आइरहेका बेला रजाक परिवार भने उपचारका लागि आर्थिक अभावमा छट्पटिरहेको देखेपछि थोरै भए पनि घाउमा मलम लगाउन क्लवका सदस्यहरुबाट रकम संकलन गरि सहयोग गरेको बताए । कमला रजाक लामो समयदेखि श्वासप्रश्वासको समस्याबाट ग्रसित बन्दै आएकी छन् । उनलाई घरमा नियमित अक्सिजन दिंदै आइएको परिवारले जनाएको छ । आर्थिक अभावमा उपचार गराउन नसकिएकाले परिवारले थप सहयोगको अपेक्षा समेत गरेको छ ।

Rainadevi Chhahara Rural Municipality
Office of the Rural Municipal Executive
Chhahara, Palpa

## Invitation for Bids

***Date of publication: 9th October 2024(2081-06-23)***

1. Rainadevi Chhahara Rural Municipality invites electronic sealed Quotation from Nepalese eligible bidders for following bids under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website **www.rainadevichhaharamun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.** The Estimate Amount is Rs.10,61,250.00 without VAT and Contingencies.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 2 | RRM/PAL/G/SQ-07-081/82 | Purchase supply and Delivery of Stationery items | 08th Kartik 2081 12:00PM | 08th Kartik 2081 1:00PM | 45 & 75 days | Rs.30,000.00 | Rs.1,000.00 |

***chief administrative officer***



















कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई